मे 29 तारिख
फुकुओका जिल्ला

संकटकाल हटाइएपछि फुकुओका जिल्लाद्वारा अपनाइने उपायहरू

यो महिनाको 14 तारिखमा "संकटकाल" हटाइएपछि फुकुओका जिल्लामा संक्रमणको स्थिति नियन्त्रणमा रहेको देखिएको थियो। त्यसकारण हामीले संक्रमणको नियन्त्रण तथा रोकथाम र चिकित्सा सेवा प्रणाली सुनिश्चित गर्ने कार्यहरूका साथसाथै बिस्तारै सामाजिक आर्थिक गतिविधिहरूको स्तरलाई बढाउँदै अघि बढ्ने समय नजिकिँदै आइरहेको महसुस गरेका थियौं।

तर अप्रिल 30 तारिखदेखि संक्रमितको सङ्ख्या शून्य रहेको किता-क्युस्यु सहरमा मे 23 तारिख पछि संक्रमितको सङ्ख्या बढिरहेको छ। विशेष गरी आज 26 जनामा संक्रमण पत्ता लागेकोले, यो एक हप्तामा संक्रमितको सङ्ख्या 69 जना पुगेको छ। ती मध्ये 27 जनामा संक्रमण कसरी भयो भन्ने कुरा थाहा हुन नसकेको (संक्रमण मार्ग अज्ञात) हुनाले, विज्ञहरूको अनुसार, सहरमा फैलिइरहेको सम्भावनालाई पनि नकार्न नसकिने कुरा बताइएको छ।

फुकुओका जिल्लाले, पुन: संक्रमण फैलिन नदिनको लागि, तल उल्लेख गरिएका "फुकुओका कोरोना चेतावनी" निर्धारण गरी, यी 4 संकेतहरूको आधारमा व्यापक निर्णय गरी, चिकित्सा क्षेत्रमा चाप बढ्ने जोखिम भएमा, स्वास्थ्य संस्थालाई बिरामीको बेड तयार गर्ने जस्ता बिरामी राख्न सकिने प्रणालीको व्यवस्था गर्न अनुरोध गर्नुका साथसाथै जिल्लावासी तथा व्यापारव्यवसाय सञ्चालकहरूले अपनाउनुपर्ने उपायहरूबारे विचार गर्न सुरु गर्नेछ।

यो "फुकुओका कोरोना चेतावनी" सँग दाँजेर हेर्दा हालको स्थिति निम्न अनुसार रहेको छ।

# फुकुओका कोरोना चेतावनी

## (चिकित्सा सेवा प्रणाली सुनिश्चित गर्ने कार्यको तयारी गर्नको लागि संकेतहरू)

हाल मे 29 तारिख

| विवरण | आधार | मे 26 तारिख | मे 27 तारिख | मे 28 तारिख | मे 29 तारिख |
|---|---|---|---|---|---|
| संक्रमितको सङ्ख्या | प्रति दिनको संक्रमित सङ्ख्या 3 दिन लगातार 8 जना ※1 वा सोभन्दा बढी भई बढ्ने क्रममा रहेको | 4.00 जना | 5.33 जना | 10.33 जना | 18.33 जना |
| संक्रमण मार्ग अज्ञात व्यक्तिको अनुपात | गत 3 दिन मध्ये तिनै दिन 50% वा सोभन्दा बढी | 100% (2 जना/2 जना) | 50% (4 जना/8 जना) | 19% (4 जना/21 जना) | 23.1% (6 जना/26 जना) |
| बिरामीको बेड प्रयोगको दर | 50% वा सोभन्दा बढी | 6.7% (33 बेड) | 7.3% (36 बेड) | 7.1% (35 बेड) | — |
| गम्भीर बिरामीको बेड प्रयोगको दर | 50% वा सोभन्दा बढी | 10.0% (6 बेड) | 10.0% (6 बेड) | 6.7% (4 बेड) | — |

※1 3 दिनको गतिमान औसत

・संक्रमित सङ्ख्या (3 दिनको गतिमान औसत) 3 दिन लगातार 8 जना भन्दा बढी नभएको
・संक्रमण मार्ग अज्ञात व्यक्तिको अनुपात 3 दिन लगातार 50% ननाघेको
・अर्को तर्फ बिरामीको बेडको प्रयोग दर र गम्भीर बिरामीको बेड प्रयोगको दर दुबै गत एक हप्ता 10 प्रतिशत वा सोभन्दा कम

हाल यस्तो स्थिति रहेको हुनाले जिल्लाव्यापी रूपमा चिकित्सा सेवा प्रणाली सुनिश्चित गर्ने कार्यको तयारी गर्ने स्तरमा पुगेको छैन। हामीसँग पर्याप्त क्षमता छ।

यद्यपि भविष्यमा आउने स्थिति अनुसार गम्भीर अवस्था सृजना हुने कुरा पनि अनुमान गर्न सकिन्छ। त्यसकारण अहिलेसम्मको प्रयासलाई खेर जान नदिनको लागि, यो किता-क्युस्यु सहरमा फैलिएको संक्रमण जिल्लाभरि फैलिएर आउन सक्ने संक्रमणको दोस्रो छाललाई कुनै पनि हालतमा रोक्नु आवश्यक छ।

यी कुराहरूलाई मध्यनजर गर्दै, किता-क्युस्यु सहरको संक्रमण स्थितिको विस्तृत विवरणको विश्लेषण गरी, बिस्तारै सामाजिक आर्थिक गतिविधिहरूलाई अघि बढाउँदैै, हाल आपनाइरहेको उपायहरूको समीक्षा गरी, निम्न उपायहरू अपनाउने निर्णय गरिएको छ।

(1)विशेष कामको लागि बाहेक घर बाहिर नजानेबारे

①किता-क्युस्यु सहर बाहेकका ठाउँहरूमा बसोबास गर्ने व्यक्तिहरूको लागि

अनावश्यक तथा तत्काल नगरे पनि हुने कामको लागि घर बाहिर नजान गरिएको अनुरोध हटाइएको छ।

अर्को जिल्लामा जान सम्भव छ तर जून 18 तारिखसम्मको अवधिमा होक्काइदो जिल्ला, साइतामा जिल्ला, चिबा जिल्ला, टोक्यो जिल्ला र खानागावा जिल्लामा जानेबारे होसियारीपूर्वक निर्णय गर्नुपर्नेछ। साथै केही समयको लागि जिल्ला बाहिर जानु परेमा, त्यस क्षेत्रको संक्रमण स्थितिबारे सोचविचार गरी होसियारीपूर्वक निर्णय गर्नुपर्नेछ।

साथै घर बाहिर निस्कने बेला पूर्ण रूपमा संक्रमण नियन्त्रण तथा रोकथामका उपायहरू अपनाउनुहोस्। यसका साथसाथै पर्याप्त संक्रमण नियन्त्रण तथा रोकथामका उपायहरू नअपनाइएका ठाउँहरूमा नजानुहोस्।

②किता-क्युस्यु सहरमा बसोबास गर्ने व्यक्तिहरूको लागि

केही समयको लागि जिल्ला भित्र होस् वा जिल्ला बाहिर, अनावश्यक तथा तत्काल नगरे पनि हुने कामको लागि घर बाहिर ननिस्कनुहोस्।

(2)समारोह (इभेन्ट आदि) को आयोजनाबारे

①किता-क्युस्यु सहर बाहेकका क्षेत्रहरू

निम्न कुराहरूलाई नजरअन्दाज गरी आयोजना गर्नुपर्नेछ साथै आयोजना गर्ने बेला पूर्ण रूपमा संक्रमण नियन्त्रण तथा रोकथामका उपायहरू अपनाउनुपर्नेछ। जोखिम अनुसारको व्यवस्था नमिलेको खण्डमा, आयोजकले कार्यक्रम रद्द वा पछि सार्ने जस्ता उपायहरू अपनाउनुपर्नेछ।

## चरणबद्ध रूपमा समारोह (इभेन्ट आदि) को आयोजना प्रतिबन्ध खुकुलो गर्ने

<table>
<tr><th rowspan="2">समय</th><th rowspan="2">इभेन्ट<br>(कन्सर्ट आदि)</th><th rowspan="2">प्रदर्शनी आदि</th><th rowspan="2">जापानभरि आवतजावत गर्नुपर्ने गतिविधिहरू (व्यावसायिक खेलहरू आदि)</th><th colspan="2">ओमाचुरी (चाडपर्व) तथा खुला ठाउँमा गरिने कार्यक्रम आदि<br>(मान्छेको सङ्ख्या व्यवस्थापन गर्न कठिनाइ हुने कार्यक्रमहरू)</th></tr>
<tr><th>जापानभरि वा फराकिलो क्षेत्र वा सहभागी सङ्ख्या ठम्याउन कठिनाइ</th><th>सहभागी सङ्ख्या लगभग ठम्याउन सम्भव स्थानीय कार्यक्रमहरू</th></tr>
<tr><td rowspan="2">~जून 18 तारिख</td><td colspan="2">[भवन भित्र]100 जना वा सोभन्दा कम तथा मान्छे अट्ने कुल क्षमताको आधा जति भित्र<br>[खुला ठाउँ]200 जना वा सोभन्दा कम तथा एक अर्का बीच पर्याप्त दूरी कायम<br>(सकेसम्म 2m)</td><td rowspan="2">आयोजना गर्न नसकिने</td><td rowspan="2">रद्द गर्ने कुरालाई पनि ध्यानमा राखी होसियारीपूर्वक आयोजनाबारे विचार गर्ने</td><td rowspan="2">जापानभरि वा फराकिलो क्षेत्रमा मान्छेले आवतजावत गर्नु नपर्ने कार्यक्रम भई, सहभागी सङ्ख्या लगभग ठम्याउन सकिने कार्यक्रम आदिको आयोजना सम्भव</td></tr>
<tr><td>बन्द स्थानमा ठूलो स्वर निकाल्ने गतिविधि, एक अर्का बीच पर्याप्त दूरी कायम राख्न नसकिने गतिविधि आदिबारे होसियारीपूर्वक आवश्यक उपायहरू अपनाई, फुकेर बजाउने बाजाहरूमा पनि ध्यान दिने</td><td>सीमित सङ्ख्यालाई मात्र प्रवेश गराउने जस्ता एक अर्का बीच पर्याप्त दूरी कायम राख्न नसकिने गतिविधि आदिबारे होसियारीपूर्वक आवश्यक उपायहरू अपनाउने</td></tr>
</table>

②किता-क्युस्यु सहर भित्र

जून 18 तारिखसम्म कार्यक्रमहरू आयोजना नगर्नुहोस्

(3)भवन र सुविधाहरू बन्द गर्नेबारे

①किता-क्युस्यु सहर बाहेकका क्षेत्रहरू

हालसम्म बन्द गर्न गरिएको अनुरोध हटाइएको छ।

भवन र सुविधाहरू खोल्ने खण्डमा, सम्पूर्ण भवन र सुविधाहरूमा "चारैतिर खाली ठाउँ छोडेर मेच राख्ने", "नयाँ ग्राहक भित्र्याउनु अगाडि उचित ढंगमा निसंक्रमण र सरसफाइ गर्ने" जस्ता भवन र सुविधाको प्रकृति अनुसार निश्चित र पूर्ण रूपमा संक्रमण नियन्त्रण तथा रोकथामका उपायहरू अपनाउनुपर्नेछ।

विशेष गरी देशव्यापी रूपमा क्लस्टर भएको भवन र सुविधाहरूमा सुनिश्चित ढंगमा संक्रमण नियन्त्रण तथा रोकथामका उपायहरू अपनाउनुपर्नेछ।

यसपछि क्लस्टर भएमा, जुन किसिमको भवन र सुविधामा क्लस्टर भयो त्यस्तै किसिमका भवन र सुविधाहरूलाई पुन: बन्द गर्न अनुरोध गर्ने आदिबारे विचार गरिनेछ।

②किता-क्युस्यु सहर भित्र

हालसम्म देशव्यापी रूपमा क्लस्टर भई, विशेष रूपमा उच्च जोखिम भएका ग्राहकहरूलाई सत्कार गरिने खानपिनका व्यवसाय र लाइभ हाउसहरूलाई जून 18 तारिखसम्म बन्द गरी सहयोग गर्न अनुरोध गरिनेछ। (किता-क्युस्यु सहरको संक्रमण स्थितिको विस्तृत विवरणको विश्लेषण गरी, त्यसको नतिजा प्रस्ट भएको खण्डमा तोकिएको म्याद छोट्याउन पनि सकिन्छ)

※ग्राहकहरूलाई सत्कार गरिने खानपिनका व्यवसाय भन्नाले क्याब्रे, नाइट क्लब, होस्टेस बार, बार, पब जस्ता नाम भएका व्यवसाय मात्र नभईकन, ग्राहकहरूलाई सत्कार गरिने सबै व्यवसायहरूलाई पनि बन्द गर्न अनुरोध गरिन सक्छ।

※किता-क्युस्यु क्षेत्रको जिल्लाद्वारा सञ्चालित विद्यालयहरूमा जून 1 तारिखदेखि 1 हप्ता जतिको अवधिमा तोकिएको विद्यार्थीहरू मात्र विद्यालयमा जाने विधिको कार्यान्वयन गरिनेछ। नगरपालिका वा गाउँपालिकाद्वारा सञ्चालन गरिने विद्यालय तथा निजी विद्यालयहरूको सन्दर्भमा, जिल्लाद्वारा सञ्चालित विद्यालयको विधि हेरी स्थापनाकर्ताद्वारा निर्धारण गरिनेछ।

(4)कार्यस्थलमा जाने-आउने आदिबारे

घरमा बसेर अफिसको काम गर्ने (टेलेवर्क), काम सुरु र समाप्त समय परिवर्तन गर्ने, साइकलमा कार्यस्थलमा जाने आदि गरी अरूलाई भेट्ने अवसरहरू कम गर्नुहोस्।

(5)नयाँ जीवनशैलीको कार्यान्वयन

निरन्तर संक्रमण नियन्त्रण तथा रोकथामका तीन आधारहरू, "शारीरिक दूरी कायम राख्ने", "मास्क लगाउने", "हात धुने" जस्ता संक्रमण फैलिनबाट रोक्न सकिने "नयाँ जीवनशैली" को कार्यान्वयन गर्नुपर्नेछ।

(6)स्वास्थ्य संस्था आदिबाट परामर्श लिनेबारे

1～3 मध्येको कुनै एकमा पर्ने खण्डमा, "विदेशबाट जापानमा फर्केर आएको व्यक्ति र सम्पर्कमा आएको व्यक्तिको लागि परामर्श केन्द्र" बाट परामर्श लिनुहोस्।

① सास फेर्न गाह्रो (श्वासप्रश्वासमा समस्या), बेस्कन शरीर थाकेर आलस्य (थकान महसुस), उच्च ज्वरो जस्ता गम्भीर लक्षणहरू मध्ये कुनै एक भएको खण्डमा

② रोगले छिटै गम्भीर रूप लिन सक्ने व्यक्ति वा गर्भवती महिलालाई ज्वरो, खोकी जस्ता तुलनात्मक हिसाबमा हलुका रुघाका लक्षणहरू भएको खण्डमा

③माथि उल्लिखित व्यक्ति बाहेकका व्यक्तिहरूमा लगातार तुलनात्मक हिसाबमा हलुका रुघाका लक्षणहरू देखिइरहेको खण्डमा

ज्वरो, खोकी जस्ता रुघाका लक्षणहरू भएको कारण सधैँ जँचाउने चिकित्सकलाई देखाउन जाने बेला, सिधै नगईकन, अनिवार्य रूपमा जानु अगाडि फोन गरी परामर्श लिनुहोस्।

आउने दिनहरूमा भ्याक्सिन वा औषधिको विकास भई, सामूहिक भाइरससँग लड्ने क्षमता प्राप्त नभएसम्म नोभल कोरोना भाइरस (कोभिड 19) को सामना गर्दै दैनिक जीवन बिताउनुपर्ने हुन्छ। यो लडाइँलाई जित्ने वा नजित्ने भन्ने कुरा प्रत्येक जिल्लावासीको सचेतता र जिल्लावासीले गर्ने कामकुरामा भर पर्ने हुनाले, पुन: स्थानीय शक्ति र एकताको आवश्यक पर्दछ।

जसलाई पनि संक्रमण हुन सक्छ र जसले पनि अरूलाई सार्न सक्छ।

आफू स्वयम्, परिवार, वरपरका मान्छेहरू, क्षेत्र तथा समाजको लागि, सचेत रहन नबिर्सीकन संक्रमण फैलिनबाट रोक्न सकिने "नयाँ जीवनशैली" को कार्यान्वयन तथा पूर्ण रूपमा संक्रमण नियन्त्रण तथा रोकथामका उपायहरू व्यवहारिक रूपमा अपनाउनुहुन अनुरोध गर्दछौं।

साथै किता-क्युस्यु सहरमा फैलिएको संक्रमणसँगै चिन्ता र पूर्वाग्रहको कारण संक्रमित वा संक्रमितको परिवार, उपचारमा लागिरहेका स्वास्थ्यकर्मीहरू आदिको निन्दा वा हेप्ने, गिज्याउने, भेदभावपूर्ण व्यवहार गर्ने जस्ता पुन: मानव अधिकार उल्लङ्घन हुने चिन्ता रहेको छ।

पूर्वाग्रह वा भेदभावपूर्ण व्यवहारलाई कुनै पनि हालतमा स्वीकार्य हुनेछैन। सम्पूर्ण जिल्लावासीलाई यस्ता कुराहरूमा कदापि सामेल नभईकन, सही जानकारीको आधारमा आत्मसंयम भई कामकुरा गर्न अनुरोध गर्दछौं।